आज मिति २०७७ साल भाद्र २२ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहायका एजेण्डामा छलफल गरी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. अनुसन्धान अधिकृत श्री सुदिप थापा | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| ज. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| झ. डा. ~~अखिलेश चौधरी~~ दिपक कु यादव | सिराहा अस्पताल | |
| ञ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ट. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. अध्यक्ष श्री अशोक अमात्य | लहान उद्योग वाणिज्य संघ | |
| ढ. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय उपप्रमुख श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिराहा । |
| नगर प्रमुख श्री अशेश्वर प्रसाद यादव | सिरहा नगरपालिका । |
| नगर प्रमुख श्री हरिनारायण चौधरी | धनगढीमाई नगरपालिका । |
| अध्यक्ष श्री जागेश्वर यादव | विष्णुपुर गाउँपालिका । |
| अध्यक्ष श्री सिद्धार्थ यादव | औरही गाउँपालिका । |

**निर्णयहरु :**

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७।०५।१२, २०७७।०५।१५ र २०७७।०५।१७मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लेकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिरहा | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनबाट फिर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | १३ | ० | २१ | १४३० | १४३ | २० | १६३ | ७०३२ | २०५ | ११० | २७ | १३७ | ३४३ | ८२८१ | ७९९९ | ४९० | १३७ | ३४३ | १० | ३६५० | |

४. सिरहा जिल्लामा कोभिड १९ संक्रमणको जोखिम समुदायस्तर सम्म फैलन लागेको अवस्था रहेको । यसैक्रममा यस जिल्लाको अन्तराष्ट्रिय सिमानाकामा नेपाल फर्कने चाहने नेपालीहरुको लागि प्रवेश नाका सिरहा माडर रहेको र सो स्थानमा नेपाली सेना तथा स्थानीय तह सिरहा नगरपालिकाको समन्वयमा होल्डिंग सेन्टर खडा गरिएको तथा सिरहा स्वास्थ्य कार्यालयमा जिल्लाका सबै सुरक्षा निकायको संलग्नतामा सिचुएशन सेन्टर खडा गरिएकोमा सो होल्डिंग र सिचुएशेन सेन्टरमा खटिने सुरक्षाकर्मीहरुको लागि २०७७ साल भाद्र महिनाबाट लागु हुने गरी दैनिक समन्वय गर्न, शव व्यवस्थापन तथा अन्य लजिष्टिक प्रबन्धको लागि खर्च व्यवस्थापनको लागि अनुरोध भएको सन्दर्भमा हालको अवस्थामा संचार समन्वय खर्च मासिक रु २ हजार, सैनिक सवारी साधन बाहेकका सवारी साधनमा मासिक १० हजारको सवारी इन्धन, २ वटा सेन्टरको लागि स्टेशनरीको लागि मासिक ३ हजार तथा विविध खर्चको लागि मासिक २ हजारका दरले विल भर्पाइ पेश भएपछि सोधभर्ना गर्ने गरी जिल्ला प्रशासन कार्यालयमा रहेको दैवी प्रकोप कोषमा भएको रकमबाट खर्च लेख्ने र सो खर्च अनुसारको रकम सोधभर्नाको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।

५. गृह मन्त्रालयको च.नं. ६८८ मिति २०७७०५।२१ को कार्यप्रगति पठाउने सम्बन्धी पत्र बमोजिम गृह मन्त्रालयको च.नं. ३७९ मिति २०७७०४।२८ गतेको पत्रमा उल्लेख भए बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०७७०४।२६ को बैठकको निर्णय नं. ४ ट मा उल्लेखित "प्रवेश विन्दु रहेकै जिल्लामा सम्बन्धित प्रदेश सरकारको समन्वय र नेपाली सेनाको सहयोगमा सम्बन्धित जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र (DCCMC)ले आवश्यक बेड संख्याको क्वारेन्टाइन व्यवस्थापन गर्ने" निर्णय कार्यान्वयनको हालसम्मको प्रगति तुरुन्त पठाउनको लागि लेखि आएको सन्दर्भमा यस जिल्लामा भएको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

१. सिरहा माडर नाकमा होल्डिंग सेन्टर तयार गरी स्थानीय तहको सहयोगमा ब्र.भ्र. मा.वि. माडरमा ६३ वेडको क्वारेन्टाइन तयारी गरेर भारतबाट नेपाल आउनेहरुलाई क्वारेन्टाइनमा होल्ड गराई अभिलेख कायम गरी सम्बन्धित पालिकाको क्वारेन्टाइनमा पठाइने गरेको ।

२. हाल सिरहा माडर नाकाबाट नेपाल आउने नेपालीहरुको संख्या दैनिक ५ देखि १३ जनासम्ममात्र रहेको । निजहरुको व्यवस्थापन सिरहा नगरापालिकाको सहयोगमा नेपाली सेनाले गर्ने गरेको ।

३. सिरहा माडरको होल्डिंग सेन्टरबाट अभिलेख कायम गरी सम्बन्धित पालिका तथा जिल्लाको सिमानासम्म पुर्याउनको लागि प्रयोग हुने सवारी साधन (बस) चलेको दिन भाडा प्रति दिनको रु ४५००।०० (अक्षरमा चारहजार पाँचसय)मात्र र सवारी साधन चलेको दिनको सवारी इन्धन प्रयोग गरेको दिनको प्रति दिन ५० लिटर डिजेल जिल्ला दैवी प्रकोप कोषबाट उपलब्ध गराईएको । हाल सम्म होल्डिंग सेन्टरहरु सिरहा माडर र साविकको ठाँडीमा संचालित होल्डिंग सेन्टरबाट सम्बन्धित पालिकासम्म तथा अन्तर जिल्ला सिमानासम्म सवारी साधनबाट नेपाल प्रवेश गरेका व्यक्तिहरुलाई पुर्याउनको लागि प्रयोग भएको बसभाडा (आषाढ २४ गते देखि भाद्र १२ गते सम्म सवारी साधन चलेको दिनको) प्रति दिन ४५ सयका दरले २ लाख २५ हजार भुक्तानी भएको र सवारी इन्धन वापत होल्डिंग सेन्टरहरु स्थापना भए देखिको २०७७ श्रावण सम्मको १लाख १८हजार ३सय पाँच भुक्तानी भएको खर्च रकम समर्थन गर्ने र सो रकमहरु सोधभर्ना माग गर्नको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।

६. जिल्ला प्रशासन कार्यालय, सिरहाबाट मिति २०७७।०५।१५ गते देखि जारी निषेधाज्ञामा कोभिड १९ को संक्रमण न्यूनीकरण गर्दै आगामी दिनहरुमा सिरहा जिल्लाको जनजीवनलाई सहजीकरण गर्न तथा सुरक्षा/स्वास्थ्य मापदण्ड/प्रोटोकल अपनाई व्यापार व्यवसायहरु संचालन गर्न र उद्योग कलकारखाना संचालन गरी आर्थिक कारोवारलाई सुचारु गर्नको लागि निषेधाज्ञाको किसिमलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सम्बन्धमा कोभिड १९ संग सम्बन्धित विषेशज्ञहरुको राय परामर्श गरी मिति २०७७।०५।२६ गते बस्ने जिल्ला स्तरिय CCMC बैठकमा सुझाव पेश गर्नको लागि उद्योग वाणिज्य संघ, सिरहा र लहानलाई समेत अनुरोध गर्ने ।

७. मिति २०७७।०५।१७ गतेको DCCMCको बैठकबाट निर्णय भएअनुसार विपदको समयमा आवश्यक हुने सामाग्रीहरु खरिद गर्ने भए अनुसार प्रदेश विपद व्यवस्थापन कोषबाट प्राप्त रकमले खामेसम्मको तपसिल बमोजिमका सामानहरु खरिद गरी जिल्लास्थित सुरक्षा निकायहरुलाई हस्तान्तरण गरी सुरक्षित रुपमा राखी विपदको समयमा प्रयोग हुने वातावरण तयार गर्ने ।

| | | |
|---|---|---|
| १. | Fire Exitstinuisher 6 kg | ३० थान |
| २. | Jet suiter | ५० थान |
| ३. | Chain Saw | ३ थान |
| ४. | Thorw Bag | ३० थान |
| ५. | Life Buoy Ring | २० सेट |
| ६. | Dynamic Rope (60 meter) | २ रोल |
| ७. | Fire Proof (Fire Proximity Aluminized Suit with Helmet Gloves, Shoes and BA Pouch) Set | २ सेट |
| ८. | RCC Cutter | १ सेट |
| ९. | Normal Rope | ५ रोल |
| १०. | Tube | १० सेट |

८. कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामको कार्यको लागि प्रथमलाईनमा कार्य गरिरहेको सुरक्षाकर्मीहरुको लागि संक्रमणबाट सुरक्षा गर्नकालागि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल गरी ३ वटै सुरक्षा निकायलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्यालयबाट हालको लागि १०/१० थान त्रिपाल उपलब्ध गराउने ।

९. फ्रन्टलाईनमा कार्य गरिरहेका सुरक्षाकर्मीहरुकोलागि सुरक्षाको मापदण्ड पुरा गर्नको लागि आवश्यक मास्क, स्यानिटाइजर, र हाथधुने साबुन उपलब्ध गराउन जिल्ला भित्रका स्थानीय स्तरमा समन्वय गरी उपलब्ध गराउने ।

१०. यस अघिको DCCMCमा भएको बैठक अनुसार धनगढीमाई नगरपालिकाबाट सिरहा अस्पताल अन्तर्गतको महेन्द्र गेनाई कोभिड १९ विशेष अस्पतालको लागि ३ वटा शौचालय र १ स्नानघर बनाई संचालनमा आएकोले DCCMCले धनगढीमाई नगरपालिकाका नगरप्रमुख श्री हरिनारायाण चौधरी ज्यू सहित नगरपालिका कार्यालय परिवारलाई सधन्यवाद सहित आभार प्रकट गर्दछ । होल्डिंग सेन्टर निर्माण तथा होल्डिंग सेन्टर सहितको क्वारेन्टाइन निर्माण गर्ने गरी संचालनमा ल्याइएकोले सो कार्यको लागि सिरहा नगरपालिकाका नगरप्रमुख श्री अशेश्वर प्रसाद यादवज्यू सहित सिरहा नगरपालिका कार्यालय परिवारलाई सधन्यवाद सहित आभार प्रकट गर्दछ । साथै कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा सहयोग गर्नु हुने १७ वटा स्थानीय तहका प्रमुखज्यू तथा कार्यालय परिवारलाई सधन्यवाद सहित आभार प्रकट गर्दछ । आगामी दिनहरुमा समेत सकृयरुपमा कार्य गरी कोभिड १९को संक्रमणलाई नियन्त्रण तथा रोकथाम कार्य प्रभावकारी बनाउने ।

११. कारागार कार्यालय, सिरहामा ७ जनामा कैदीहरुमा कोभिड १९ को संक्रमण देखिइसकेको र यो क्रम बढ्न सक्ने भएकोले प्रदेश सरकारबाट आउने रकमहरु ढिलाई हुने भएमा यस जिल्लामा रहेको दैवी प्रकोप कोषमा रहेको रकमबाट औचित्यताको आधारमा कारागार भित्र क्वारेन्टाइन तथा आइसोलेशन कक्ष निर्माण गर्ने र सो कार्यको समन्वय उद्योग वाणिज्य संघ सिरहाका अध्यक्षबाट गर्ने ।

प्रमुख जिल्ला अधिकारी